**HBL** हिमालयन बैंक लिमिटेड **Himalayan Bank Ltd.**

**को**

# अठ्ठाइसौं वार्षिक साधारण सभाबारे सूचना

२०७७ साल पौष महिना २ गते बसेको सञ्चालक समितिको बैठक नं. ३९५ को निर्णयानुसार यस बैंकको अठ्ठाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरू शेयरधनी महानुभावहरूलाई यथा समयमा पठाइने व्यहोरा अनुरोध छ ।

## अठ्ठाइसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान

| | | |
|---|---|---|
| **मिति** | : | **२०७७ साल पौष २७ गते सोमबार (तदनुसार जनवरी ११, २०२१)** |
| **समय** | : | **विहान ११:00 बजे** |
| **स्थान** | : | **हिमालयन बैंक लिमिटेडको केन्द्रीय कार्यालय, कमलादी, काठमाडौबाट भिडियो कन्फ्रेन्स** (Virtual/Online) **मार्फत सभा सञ्चालन हुनेछ ।** |

(साधारण सभामा भिडियो कन्फ्रेन्स मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई Meeting Link/Passcode उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)

## छलफलका विषय-सूची

**क) सामान्य प्रस्ताव**

१) अठ्ठाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि. को आ. व. २०७६/७७ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने,

४) सञ्चालक समितिले सिफारिश गरे बमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू. ९,३७,२२,८१,४२८।- को ६ (छ) प्रतिशत (कर सहित) ले हुने जम्मा रू. ५६,२३,३६,८८५।- नगद लाभाँश दिने प्रस्ताव स्वीकृत गर्ने,

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/७८ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने,

**ख) विशेष प्रस्ताव**

१) बैंकको अधिकृत पूँजी रू. १२,००,००,००,०००।- (अक्षरेपी बाह्र अर्ब रूपैयाँ) बाट बृद्धि गरी रु १५,००,००,००,०००।- (अक्षरेपी पन्ध्र अर्ब रूपैयाँ) पुऱ्याउने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) सञ्चालक समितिले सिफारिश गरे बमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू. ९,३७,२२,८१,४२८।- बाट वृद्धि गर्न चुक्ता पूँजीको १४ (चौध) प्रतिशतले हुने जम्मा रू. १,३१,२१,९९,४००।- बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

३) बैंकले आर्थिक वर्ष २०७६/७७ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमाभन्दा माथि गरेका सहयोग अन्तर्गत नेपाल सरकारको कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषसहित विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम अक्षरेपी रु ४,३४,१०,९८४।४७ अनुमोदन गर्ने । (संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको २८औं वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।)

४) हिमालयन बैंक लिमिटेडले उपयुक्त समयमा उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने वा गाभिने वा प्राप्ति गर्न उपयुक्त देखिएमा यस बैंकको चल अचल सम्पत्ति, बैंकको दायित्व तथा सम्पूर्ण कारोबारहरूको मूल्याङ्कन गर्न मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्याङ्कनकर्तालाई नियुक्त गरी गाभ्ने, गाभिने वा प्राप्ति गर्नको लागि आवश्यक पर्ने सम्झौताहरु गर्न तथा गाभ्ने, गाभिने वा प्राप्ति गर्न आवश्यक पर्ने सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५) बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

**ग) विविध**

## जानकारी

१) मिति २०७७ साल पौष महिना १४ गते देखि २०७७ साल पौष महिना २७ गते सम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।

२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन, प्रस्तावित प्रबन्धपत्र र नियमावलीको संशोधन सहितको विवरण पठाइने छ ।

**शेयरधनी महानुभावहरुलाई जानकारी**

(क) बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौज्दात रु. ५००।-(पाँच सय) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ । त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभांश रकम उक्त खातामा जम्मा गरिनेछ ।

(ख) आ.व. २०७५।७६ र सोभन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले हिमालयन क्यापिटल लि. ठमेलबाट लिनु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोट:**

**अठ्ठाइसौं वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारी**

१. समग्र विश्वमा फैलिएको कोरोना भाइरसको (COVID-19) महामारी नेपालमा समेत फैलिएको तथा सो महामारीको उच्च जोखिमका कारण नेपाल सरकारबाट उक्त महामारी रोकथाम तथा नियन्त्रणका लागि विभिन्न समयमा जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पूर्णरुपमा पालना गर्न गराउन सूचित गरिरहेको परिप्रेक्षमा बैंकले साधारण सभा गर्दा विशेष स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नुपर्ने भएकोले साधारण सभा विद्युतीय माध्यम/भिडियो कन्फ्रेन्स (Online Meeting) मार्फत गरिने तथा सभामा भाग लिन सकिने व्यवस्था मिलाइएको हुँदा शेयरधनी महानुभावहरुलाई विद्युतीय माध्यम/भिडियो कन्फ्रेन्सको माध्यमबाट सभामा भाग लिई कोरोना भाइरस (COVID-19) महामारीको जोखिमबाट बच्न तथा बचाउन सादर अनुरोध छ ।

२. साधारण सभामा भिडियो कन्फ्रेन्स (Online Meeting) मार्फत उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले साधारण सभाको सञ्चालन हुनुभन्दा कम्तीमा ४८ धण्टा अगाडी आफ्नो परिचयपत्र, डिम्याट खाता नं. तथा धारण गरेको शेयर संख्या सहित कानुन तथा शेयर शाखामा सम्पर्क राख्न वा इमेल ठेगाना : hblagm@himalayanbank.com मा सो विवरण पठाउन वा बैंकको वेबसाइटमा उपलब्ध फारम भरी बुझाउन अनुरोध छ । यसरी सम्पर्क गर्नु हुने शेयरधनी महानुभावलाई Meeting Link/Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईने छ ।

३. सभा शुरु हुनुभन्दा १ धण्टा अगाडीबाट भिडियो कन्फ्रेन्स (Online Meeting) खुल्ला गरिने छ । उक्त १ घण्टा समय भित्र सभामा सहभागी शेयरधनीहरुले दिईएको Meeting Link/Passcode को माध्यमबाट Online Login गरी सभामा उपस्थिति हुनुपर्ने छ । यसरी भएको उपस्थितिलाई पनि सभा स्थलमा उपस्थित भए अनुसार मान्यता दिईनेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भए पश्चात सभाको कारवाही अगाडी बढाईने छ ।

४. नेपाल सरकारको घोषित नीति अनुरुप सभा सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरिदिनुहुन शेयरधनीको लागि बिशेष अनुरोध गरिनेछ ।

५. शेयरधनी महानुभावहरुको जानकारीका लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंग प्रकाशित गरिएको छ । संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website www.himalayanbank.com मा पनि हेर्न सकिनेछ ।

६. साधारण सभा तथा लाभांश प्रयोजनको निम्ति मिति २०७७/०९/१४ गतेदेखि मिति २०७७/ ९/२७ गतेसम्म शेयरधनी दर्ता पुस्तिका बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०९/१३ गतेसम्म कारोवार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाउनु हुनेछ ।

७. अन्य जानकारीको लागि बैंकका केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

**हिमालयन बैंक लिमिटेड**

केन्द्रीय कार्यालय, कमलादी ,काठमाण्डौं, फोन नं. : ०१-४२६८७०५